# सहयोगीहरुको वर्णक्रम

## Spectrum of Allies

**Howard Clark, Javier Gárate, Joanne Sheehan, and Dorie Wilsnack**

*Handbook for Nonviolent Campaigns*
War Resisters' International, 2014
Translation: Yogita Rai; Editor: Suman Parajuli

## सहयोगीहरुको वर्णक्रम

**समय**

कम्तिमा ३० मिनेट

**लक्ष्य अथवा उद्देश्य :**

- हाम्रा सहयोगी तथा प्रतिद्वन्द्वी वा विरोधीहरु को हुन् भनी बुझ्न
- महत्वपूर्ण सहयोगीहरुलाई कति आकर्षित गर्छन वा गर्दैनन् र मानिसहरुलाई सक्रिय सहयोगी बन्न तर्फ अग्रसर गराउँछ कि गर्दैनन् भन्ने कुरासँग सम्बन्धित रहेर रणनितिहरुको योजना बनाउनु आवश्यक हुन्छ भन्ने कुरा जान्न/सिक्न
- आफ्नो दृष्टिकोणको आधारमा प्रतिपक्षी माथि बिजय हासिल गर्नैपर्छ भन्ने कुनै जरुरि छैन भन्ने कुरालाई महसुस गर्दै अझै आशाबादि परिचालनका प्रयासहरुका लागि उत्प्रेरित गर्न
- रणनितिकरणको आकर्षक जटिलता तर्फ मानिसहरुलाई आमन्त्रित गर्न ।

**कसरि गर्ने / सहजकर्ताका लागि नोटः**

समाज (अथवा नगर, अथवा राज्य) मा बृहत्तर दायराका समुहहरु समाबेश हुन्छन्, परिवर्तनको वकालत गर्नेहरुको दृष्टिकोणको एकदमै नजिक रहेका देखि सक्रिय रुपमा परिवर्तनको विरोध गर्ने सम्म, जसलाई कुनै एक प्रकारको वर्णक्रममा राख्न सकिन्छ, भनी वर्णन गर्नुहोस् । एउटा समानान्तर रेखा मार्फत त्यसलाई प्रस्तुत गर्नुहोस । रेखाको एकातर्फको अन्तिम बिन्दुमा (मानौँ, बायाँ तर्फ) तीनीहरु, जो परिवर्तनको वकालत गर्छन, र अर्कोतर्फको अन्तिम बिन्दुमा विरोधीहरु लाई प्रस्तुत गरिएको गर्नुहोस ।

खण्ड-खण्ड सहितको एउटा अर्धबृत्त खिच्नुहोस । अर्धबृत्तको दुबैतर्फका अन्तिम बिन्दुसँग नजिक रहेका खण्डहरु सक्रिय सहयोगीहरु र विरोधीहरु हुन, त्यस सँगैका खण्डहरु निष्क्रिय सहयोगी अथवा विरोधी हुन । बीचमा भएका समूहहरु तटस्थ हुन् ।

समूहले काम गरिरहेको विषय (मुद्दा) को प्रयोग गर्नुहोस, अथवा यदि यो एक सामान्य तालिम हो भने समूहमा भएका मानिसहरुले काम गरिरहेको हुन सक्ने कुनै एक विषय (मुद्दा) उदाहरणको रुपमा माग्नुहोस । तपाई सबैलाई थाहा हुन सक्ने कुनै एक ऐतिहासिक उदाहरणको प्रयोग पनि गर्न सक्नुहुन्छ । हामीसँग हुन सक्ने एक सहमतिय माग ब्यक्त गर्नुहोस र समाजमा को-को चाहिँ अधिक समर्थक, न्यून समर्थक अथवा तटस्थता तर्फ झुकाब राख्ने हुन सक्छन् ? भनेर सोध्नुहोस । विभिन्न समूहहरुको उदाहरण दिनुहोसः 'संघहरु?' 'गरिब

मानिसहरुका समूहहरु?’ ‘ब्यवसायीक समुदाय?’ । सहभागीहरुले समूहहरु अनि बर्णक्रममा तीनीहरुको स्थान पहिचान गरिरहँदा अर्धबृत्तका खण्डहरुमा लेख्नुहोस । छलफल गर्न तथा प्रतिक्रिया दिन उत्प्रेरित गर्नुहोस । ठोषतातर्फ लक्षित हुनुहोस ।

मनिसहरु किन तटस्थ छन् भन्ने कुराको पहिचान गर्नुहोस र उनीहरुलाई सहयोगी बनाउन तर्फ लाग्न सकिन्छ कि भनी छलफल गर्नुहोस । कतै मानिसहरु एउटा खण्डबाट अर्को खण्डतर्फ लागिसकेका छन् कि भनी ख्याल गर्नुहोस र किन भनी छलफल गर्नुहोस ( उदाहरणका लागि, बहालवाला अथवा अवकाश प्राप्त सैनिकहरु प्रथमतः युद्धको पक्ष लिने गर्छन, तर युद्ध छिप्पिँदै जाँदा, प्रतिपक्ष विकास हुँदै जान्छ । )




(In the figure; from left wedges “Active allies” to the right in respective order)
Wedge 1: सक्रिय सहयोगीहरु
Wedge 2: निष्क्रिय सहयोगीहरु
Wedge 3: तटस्थ
Wedge 4: निष्क्रिय विरोधीहरु
Wedge 5: सक्रिय विरोधीहरु

खुशीको खबर दिनुहोस : ज्यादातर समाजिक परिवर्तनका अभियानहरुमा, हाम्रो दृष्टिकोणको आधारमा प्रतिपक्षी माथी बिजय हासिल गर्नैपर्छ भन्ने कुनै जरुरि छैन, चाहे शक्तिकेन्द्रहरु नै विरोधी किन नहुन् । केहि अथवा सबै खण्डहरुलाई एक कदम आफ्नो दिशा तर्फ सार्नु मात्र आवश्यक हुन्छ । यदि हामीले हरेक खण्डलाई एक कदम सार्‍यौं भने, हामीले जित्ने सम्भावना बढ्छ, चाहे प्रतिपक्षका कट्टरपन्थीहरु आफ्नो स्थानबाट नहल्लिउन ।

समूहले आफ्नो रणनिति तथा उपयुक्त कार्यनिति (युक्ति) हरु बिकास गर्दैगर्दा, उनीहरु अर्धबृत्तको कुन चाहिँ खण्डलाई सम्बोधन गर्दैछन् र उनीहरु मानीसहरुलाई कसरि आफ्नो दिशातर्फ हिँडाउन/चलाउन सक्छन भन्ने कुराको पहिचान गर्न प्रोत्साहित गर्नुहोस । को सम्म पुग्ने अथवा कसलाई सोध्ने भन्ने कुराको चयन गर्ने सन्दर्भमा, सोध्नुहोस :

कुन समूह सँग/सम्म हाम्रो केहि पहुँच, अथवा विश्वसनियता रहेको छ ? कुन समूहहरु सँग पहुँच पुगिरहेको छैन ? हाम्रो समूहको उद्देश्य अनुरुप, कुन समूहलाई सम्झाउन अथवा बुझाउनका लागि हामी सुहाउँदो अवस्थामा छौँ अथवा सक्षम छौँ ?